भूगर्भ सिमेन्ट

गर्भै देखी बलियो

# Annual Report
# 2024/25

# बार्षिक प्रतिवदेन
# २०८१।८२

सञ्चालक समिति



नन्दीकेशर पौड्याल
अध्यक्ष



होम प्रसाद चौलागाई
सञ्चालक



ऋषि राज बानियाँ
सञ्चालक




दिपक राज गिरी
प्रबन्ध सञ्चालक



महेन्द्र बहादुर रावल
सञ्चालक

# Our Footprint



# बिषयसूची


| क सं | विषय | पृष्ठ |
|---|---|---|
| १ | कम्पनीको पृष्ठभुमी | १ |
| २ | स्वामित्वको संरचना | २ |
| ३ | वार्षिक साधारण सभा सम्बन्धी सुचना | ३ |
| ४ | प्रोक्सी फारम | ४ |
| ५ | सञ्चालक समितिको तर्फबाट अध्यक्षको मन्तवव्य | ५ |
| ६ | सञ्चालक समितिको प्रतिवेदन | ७ |
| ७ | लेखापरिक्षकको प्रतिवेदन | १२ |
| ८ | वित्तीय विवरण | १७ |

# कम्पनीको पृष्ठभुमी

भूगर्भ सिमेन्ट लिमिटेड पश्चिम नेपालको विश्वसनीय तथा उदीयमान अग्रणी सिमेन्ट उद्योग हो। "गर्भैदेखि बलियो" भन्ने नारासहित परिचित यस उद्योगले ओपीसी (OPC) र पीपीसी (PPC) दुवै प्रकारका उच्च गुणस्तरीय सिमेन्ट उत्पादन गर्दै आइरहेको छ।

यस कम्पनीको हालको क्लिंकर उत्पादन क्षमता ३०० टन प्रतिदिन र सिमेन्ट उत्पादन क्षमता ५०० टन प्रतिदिन रहेको छ। आवश्यक कच्चा पदार्थमध्ये प्रमुख चुनढुङ्गा उद्योगकै आफ्नै खानी अर्घाखाँची जिल्लाको खाँचीकोटबाट उत्खनन गरिन्छ, जहाँको चुनढुङ्गा अत्यन्त उच्च स्तरीय मानिन्छ।

यस कम्पनीको केन्द्रीय कार्यालय काठमाडौं महानगरपालिका-११, सिटिसी मलमा रहेको छ भने उत्पादन फ्याक्ट्री कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका-६ मा अवस्थित छ। स्थापना पश्चात् उद्योगले पश्चिम नेपालको निर्माण बजारमा आफ्नो छुट्टै पहिचान बनाउँदै ग्राहकहरूको विश्वास जित्न सफल भएको छ।

हाल उद्योगले ८००-१,००० टन क्षमताको रोटरी प्लान्ट स्थापनाको दिशामा अघि बढिरहेको छ। यस महत्वपूर्ण संरचनात्मक विस्तारका लागि पुँजी वृद्धि तथा हकप्रद शेयर जारी गर्ने प्रक्रिया अगाडि बढाइएको छ। यसैगरी, २०% शेयर सर्वसाधारणलाई प्रदान गर्ने उद्देश्यअनुसार धितोपत्र बोर्डमा दर्ता प्रक्रियासमेत पूरा भइसकेको छ। निकट भविष्यमा आईपीओमार्फत सर्वसाधारण लगानीकर्ता तथा खानी-उद्योग प्रभावित स्थानीय समुदायलाई उद्योगमा सहभागी बनाइने छ।

उत्पादन वृद्धि, चुक्ता पुँजी सुदृढीकरण, कर्जा व्यवस्थापनमा देखिएको अनुशासन तथा बजारको बढ्दो मागलाई ध्यानमा राखी उद्योगले पछिल्ला वर्षहरूमा निरन्तर र स्थिर प्रगति हासिल गरेको छ। यसै आत्मविश्वासका साथ उद्योगले पश्चिम नेपालका ग्राहकहरूको अपेक्षाअनुरूप बलियो, गुणस्तरीय र भरपर्दो सिमेन्ट उत्पादनमा निरन्तर प्रतिबद्ध रहने विश्वास व्यक्त गर्दछ।

# स्वामित्वको संरचना
# भुगर्भ सिमेन्ट लिमिटेड

| **क्र.स** | शेयरधनीको नाम | शेयर संख्या कि.न<br>**जम्मा** |
|---|---|---|
| १. | इन्द्र बहादुर बानियाँ | **१८,१८४९५** |
| २ | आई बी भेन्चर प्रा लि | १००००० |
| ३ | दिक्षान्त बानियाँ | **३५७५१०** |
| ४ | दुर्गा माता इन्भेष्टमेन्ट | **९९,९९०** |
| ५ | ऋषि राज बानियाँ | **२८०७८०** |
| ६ | नन्दीकेशर पौड्याल | **२९२३९५** |
| ७ | डा.भाईकाजी<br>तिवारी | २०२००० |
| ८ | मिना देवी तिवारी | २५९०६५ |
| ९ | सुदर्शन तिवारी | **९९९९०** |
| १० | होम प्रसाद चौलागाई | **३८९८६०** |
| ११ | बाशु खड्का | **२४९९७५** |
| १२ | उमा एण्ड कम्पनी प्रा.लि. | **२४९९७५** |
| १३ | आङदोर्जी लामा | ४९९९५ |
| १४ | महेन्द्र बहादुर रावल | १९९९८० |
| १५ | शम्भ प्रसाद घिमिरे | **४९९९५** |
| १६ | केशव राज श्रेष्ठ | **४९९९५** |

# भुगर्भ सिमेन्ट लिमिटेड

## आ.ब. २०८१।८२ को वार्षिक साधारण सभा सम्बन्धी सुचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस संस्थाको सञ्चालक समितिको मिति २०८२।०८।०८ गते वसेको वैठकबाट निर्णय भए बमोजिम यस संस्थाको वार्षिक साधारण सभा देहायमा उल्लेखित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम उक्त वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०८२ साल पूष १ गते,
समय : दिनको ११:०० बजे
स्थान : सिटीसी मल, सून्धारा, काठमाडौ

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/०८२ को प्रगती विवरण सहितको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/२०८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।
४. संचालकहरुको बैठक भत्ता तोक्ने ।

**(ख) विषेश प्रस्तावहरुः**

५. सञ्चालकको संख्या परिवर्तन गर्न कम्पनीको नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सञ्चालक समिति पूनः गठन गरी स्वतन्त्र सञ्चालकहरुको नियुक्ति गर्ने ।
६. कम्पनीको पूँजी संशोधन गर्ने प्रयोजनको लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
७. कम्पनीको ठेगाना परिवर्तन गर्न कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
८. १००:६० को अनुपातमा हकप्रद शेयर जारी गर्ने ।
९. कम्पनी ऐन २०६३ को दफा १०५ बमोजिम ऋण लिने प्रयोजनलाई स्वीकृती प्रदान गर्ने ।
१० कम्पनीले सर्वसाधारणलाई शेयर जारी गर्ने प्रयोजनको लागि सम्पूर्ण कार्य गर्नको निमित्त कम्पनीको अध्यक्षलाई अख्तीयारी प्रदान गर्ने ।
११ विविध

सञ्चालक समितिको आज्ञाले,

नन्दीकेशर पौड्याल
अध्यक्ष, संचालक समिति

# सञ्चालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य

भूगर्भ सिमेन्ट
गर्भै देखी बलियो

**श्री नन्दी केशर पौड्याल**
अध्यक्ष-भुगर्भ सिमेन्ट लि.

**९औं वार्षिक साधारण सभा**

पौष १, २०८२

आदरणीय शेयरधारक महानुभावहरू,
सञ्चालक समिति सदस्यज्यूहरू,
र उपस्थित सम्माननीय अतिथिज्यूहरू,

सबैभन्दा पहिला, उद्योगप्रतिको तपाईंहरूको निरन्तर विश्वास र सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। चुनौतीपूर्ण आर्थिक परिस्थिति तथा निर्माण क्षेत्रमा परेको दबाबका बाबजुद पनि आ.व. २०८१/०८२ हाम्रो उद्योगका लागि उपलब्धिपूर्ण रहयो।

गत वर्ष हामीले उन्नाइस लाख बोरा सिमेन्ट उत्पादन तथा बिक्री गर्न सफल भयौं। साथै, करिब तीन लाख टन चुनढुंगा नेपालभित्रै रहेका अन्य सिमेन्ट उद्योगहरूलाई बिक्री गरी उद्योगको क्यास-फलो सन्तुलनमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्षम भयौं। साथै, २०८२ आषाढ मसान्तसम्मका ब्याज तथा किस्ता समयमै चुक्ता गर्न सकिएकोछ, जुन उद्योगको आर्थिक अनुशासनको प्रतीक हो।

**२०८१/८२ का प्रमुख उपलब्धीहरु :**

१) सम्पूर्ण बिकी सम्बन्धि कारोबारहरु उधारोबाट नगदमा परिवर्तित भएको अवस्था,
२) पश्चिम नेपालको प्रमुख बिक्रेताहरु भुगर्भ सिमेन्ट संग आवद्ध भई बिकी वितणर गरिरहेको अवस्था,
३) कुनै पनि बाधा विघ्न बिना उत्पादन पूर्ण संचालनमा रहेको अवस्था साथै आफ्नै VSK पूर्ण संचालन भई रहेको
४) सम्पूर्ण कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्धता
५) बजारबाट उठाउनुपर्ने पुरानो बक्यौता रकम रु. ५ करोड ३९ लाख असुली
६) कर्मचारीको मनोबल तथा क्षमता बृद्धिको लागि २ दिने तालिम तथा पिकनिक आयोजना
७) वेवसाइट तथा फेसबुक पेजमार्फत निन्तर रुपमा बजारीकरण तथा प्रतिष्ठा व्यवस्थापन
८) बजारमा उपस्थिती तथा बजारीकरणमा आक्रामक रणनीति
९) नँया बजारको खोजी टीकापुर र छिन्चु
१०) IPO को लागि SEBON संग निरन्तर Update

विद्यमान अवस्थामा अन्य उध्योगको क्लींकर महँगो पर्ने भएकाले, हामीले आफूलाई आवश्यक क्लींकर आफ्नै VSK प्लान्ट बाट उत्पादन गरी रहेका छौं। तर दीर्घकालीन स्वावलम्बन र लागत-प्रतिस्पर्धा बढाउनका लागि, उद्योगले ८००-१००० टन क्षमताको रोटरी प्लान्ट स्थापना गर्ने निर्णय गरिसकेको छ। यसका लागि १:०.६ अनुपातमा हकप्रद शेयर जारी गरी पुँजी वृद्धि प्रक्रिया अघि बढाइएको छ।

यससँगै, भविष्यमा उद्योगलाई अझ सबल बनाउने उद्देश्यले, चुक्ता पुँजीको २०% शेयर सर्वसाधारणलाई प्रदान गर्ने योजना अनुरूप आवश्यक प्रक्रिया पूरा गरी सेबोनमा दर्ता गरिसकिएको छ। निकट भविष्यमा आइपीओ जारी गरेर सर्वसाधारणलाई सहभागी गराउने तयारी अन्तिम चरणमा पुगेको छ। विशेष गरी खानी प्रभावित क्षेत्रका बासिन्दा, र उद्योग क्षेत्रका स्थानीयबासीलाई प्राथमिकता दिई बाँडफाँड हुनेछ भने बाँकी हिस्सा अन्य सर्वसाधारणलाई उपलब्ध गराइनेछ।

कोभिड-१९ का कारण लामो समयदेखि राष्ट्रिय अर्थतन्त्र स्थिर हुन नसक्दा हामी शेयरधारकहरूलाई नाफा वितरण गर्न सक्षम हुन सकेका थिएनौं। तर उद्योगको परिचालन सुधार, कर्जा व्यवस्थापनमा अनुशासन, उत्पादन बृद्धि, पुँजी संरचना सुदृढीकरण र आगामी रोटरी प्लान्ट स्थापनासँगै आगामी वर्षहरूमा नाफा वितरण गर्न सकिने सकारात्मक सम्भावना देखिएको छ।

आगामी आ.व. २०८२/०८३ मा छब्बीस लाख बोरा सिमेन्ट तथा तीन लाख टन चुनढुंगा बिक्री वितरण गर्ने महत्त्वाकांक्षी तर यथार्थपरक योजना राखिएको छ। अन्त्यमा, उद्योगलाई चुस्त-दुरुस्त सञ्चालन गर्न पुराना बक्यौता उठाउने, नगदमुखी बिक्री तयारी गर्ने र समग्र व्यवस्थापनलाई गतिशील बनाउने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्नुहुने कार्यकारी प्रमुख श्री दीपकराज गिरी तथा उहाँका सम्पूर्ण सहयोगी–उत्पादन, लेखा, बिक्री तथा प्रशासन टोली–सबैप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यसैगरी उद्योगलाई स्वतन्त्र, पारदर्शी र दूरदृष्टियुक्त ढंगले अघि बढाउन निरन्तर साथ दिनुहुने आदरणीय शेयर सदस्यज्यूहरू तथा सञ्चालक समिति सबैप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

हामी सबैको साझा परिश्रम, दृढता र विश्वासका साथ, भुगर्भ सिमेन्टलाई पश्चिम नेपालको अग्रणी, दिगो र स्वावलम्बी उद्योगको रूपमा रुपान्तरण गर्ने हाम्रो यात्रालाई थप गतिशीलता दिन सक्ने विश्वास व्यक्त गर्दै, आजको प्रतिवेदन यतिनैमा समाप्त गर्दछु। धन्यवाद।

धन्यवाद।



# सञ्चालक समितिको प्रतिवेदन

आर्थिक वर्ष २०८१/८२ (२०२४-२५) को लागि

आदरणीय शेयरधनीज्यूहरु,

यो कम्पनी उद्योग विभागमा दर्ता भई कम्पनीको उद्देश्य बमोजिम सिमेन्ट तथा क्लिंकर उत्पादन गर्दै आइरहेको छ । यसै सिलसिलामा कम्पनीको आ.व. २०८१।०८२ को कार्य सम्पादनको समीक्षा निम्न बमोजिम रहेको छ ।

## १. गत आर्थिक वर्षको कारोबारको संक्षिप्त विवरण:

यस कम्पनीले आ.व. २०८१।०८२ निम्न बमोजिमको कारोबार गरेको छ

| Particulars | FY 2081/82 (2024–25) |
|---|---|
| Revenue from Operations | 1,669,811,259 |
| Cost of Materials Consumed | (1,224,641,303) |
| Manufacturing & Direct Costs | (149,908,600) |
| **Gross Profit** | **295,261,356** |
| Other Operating Income | 10,046,820 |
| **EBITDA** | **263,302,284** |
| Depreciation & Amortisation | (77,916,774) |
| Finance Cost (Net) | (147,023,515) |
| **Profit Before Tax (PBT)** | **34,202,717** |
| Income Tax (Net) | (2,217,967) |
| **Net Profit After Tax (PAT)** | **31,984,750** |

## २. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले कम्पनीको कारोबारमा परेको असर, यदि भएमा :

कम्पनी यस प्रतिवेदनको मिति सम्म वा आर्थिक वर्ष २०८१/८२ (२०२४-२५) को दौरान प्रचलित राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिस्थितिले कम्पनीलाई कुनै असर परेको छैन ।

## ३. प्रतिवेदनको मिति सम्म चलु आर्थिक वर्षमा भएको उपलब्धि तथा भविष्यमा गर्नुपर्ने कार्यहरुको बारेमा सञ्चालक समितिको विचार :

यस कम्पनीले निम्न उपलब्धी हरु हासील गरेको छः

**(१) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

नेपाल पूर्वाधार विकासमा उल्लेखनिय भुमिका निर्वाह गर्ने लक्ष्य सहित यस संगठित संस्थाले आफ्नो उत्पादनहरुमा आवश्यक विविधिकरण र सवलिकरण गरी राष्ट्र विकासको यात्रामा योगदान पुर्‍याउदै आएको छ। महाभूकम्प पश्चात निमार्ण सामाग्रीमा सिर्जना भएको उच्च माग र सो मागलाई स्थापित उद्योगहरुको तत्कालिन क्षमताले सम्बोधन गर्न नसकेको कारणले सृजित परिवेश पश्चात स्थापित भएका उच्च क्षमताका उद्योगहरुको बढ्न थालेको सिमेन्ट/क्लिङ्करको उत्पादनका कारण एक दशक अगाडी उच्च मात्रामा क्लिङ्कर र सिमेन्ट आयात गर्ने नेपाली अर्थतन्त्र हाल उक्त सामाग्रीहरुमा आत्मनिर्भर भएको अवस्था छ। उच्चदरमा हुन सक्ने देशको पूर्वाधार निमार्ण सम्बन्धी कार्यहरुको कारणले हाल देशमा रहेको सिमेन्ट र क्लिङ्कर उत्पादन

क्षमता निकट भविष्यमा नै अपुग हुने स्थिति रहेको छ । यसलाई मध्यनजर गरी सृजित मागको आधारमा उद्योगले आफ्नो उत्पादन क्षमता विस्तार गर्दै लैजाने रणनीति लिएको छ । नेपाली सिमेन्ट उद्योगहरुले भारतको उत्तर प्रदेशमा मात्र आफ्नो बजार विस्तार गर्न सके मात्र पनि हालको क्षमता अपुग हुने अवस्था छ । हाल रहेको बजारको माग र भविष्यमा हुन सक्ने सम्भावनाहरुलाई मध्यनजर गरी संगठित संस्थाले निम्न बमोजिमका रणनीतिहरु अंगिकार गरेको छ ।

१. उद्योगसँग सम्बन्धित खानीहरुको अनुसन्धान तथा विकास गर्ने, थप खानी क्षेत्रहरुको अनुमति लिई चुनढुङ्गाको व्यवस्थापनको लागि दिर्घकालिन रुपमा प्रबन्ध गर्ने ,
२. उद्योगको क्षमता विस्तार गर्ने तथा उपयुक्त अन्य स्थानमा शाखा कार्यालयहरु तथा उद्योग खोली संचालन गर्ने,
३. नेपालको सिमेन्ट उद्योग विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्ने,
४. समयानुकुल प्रविधिहरुको अनुसरण गरी संगठित संस्थाको प्लान्ट तथा उत्पादन क्षमतालाई वृद्धि गर्ने,
५. संगठित संस्थाले नेपालमा उत्पादन गरेको क्लिङ्कर तथा सिमेन्टको बजार विस्तार गरी भारत तथा अन्य मुलुकहरुमा निर्यात गर्ने,
६. संगठित संस्थाले उत्खनन् गरेको चुनढुङ्गाको बजार विस्तार गरी भारत तथा अन्य मुलुकहरुमा निर्यात गर्ने ।

साथै योजनाको प्राप्तीको लागि चालिने समयवद्ध रणनीति समय यस प्रकारका छन् :

| क्र.स. | रणनीति | विवरण | समयअवधि |
|---|---|---|---|
| १. | २४ लाख बोरा सिमेन्ट बिक्री गर्ने | आगामी आ.व. २०८२/०८३ मा पश्चिम नेपालको चन्द्रौटा देखि धनगढी सम्मका क्षेत्रमा चौबीस लाख बोरा सिमेन्ट बिक्री गर्ने | २०८२ श्रावण देखि २०८३ आषाढ |
| २. | ३ लाख टन चुन (चुनढुङ्गा) बिक्री गर्ने तथा एक लाख टन आन्तरिक खपत गर्ने | आन्तरिक खपतको लागि उद्योगमा एक लाख टन चुनढुंगा झार्ने र उद्योग आसपासका सिमेन्ट फ्याक्ट्रीमा तीन लाख टन चुनढुंगा बिक्री वितरण गर्ने | २०८२ श्रावण देखि २०८३ आषाढ |
| ३. | बजारिकरण सम्बन्धमा | १. भौतिक मार्केटिङ<br>बजार प्रतिनीधि, विज्ञापन<br><br>२. डिजिटल मार्केटिङ<br>सोशल मिडिया, वेबसाइट, विज्ञापन | २०८२ श्रावण देखि २०८३ आषाढ |
| ४. | | स्थापना गर्ने | |
| ५. | हकप्रद शेयर जारी गरि रोटरी प्लान्ट स्थापना गर्ने र | १००:६० अनुपातमा हकप्रद शेयर जारी गरी पुँजी वृद्धि गर्ने तथा उक्त हकप्रद शेयर जारी गरि प्राप्त रकमलाई बक्यौता तिर्न तथा ८००-१००० टन क्षमताको रोटरी प्लान्ट स्थापनाको लागि उपयोग गर्ने | आ.व. २०८२/०८३ बाट सुरु गरि आ.व. २०८३/०८४ तथा आ.व. २०८४/०८५ को मध्य बाट उत्पादन सुरु गर्ने लक्ष्य |
| ६. | आईपिओ सम्बन्धमा | १००:६० को अनुपातमा हकप्रद शेयर जारी गरि कुल पुँजी १०१ करोड कायम गरि सो चुक्ता पुँजीको २०% शेयर सर्वसाधारणलाई प्रदान गर्ने योजना अनुरूप आवश्यक प्रक्रिया पूरा गरी कानुन बमोजिम स्टेकहोल्डर लाई बाडफाड गर्ने | आ.व. २०८२/०८३ भित्र |
| ७. | कर्मचारी बृद्धि विकास | चुस्तदुरुस्त व्यवस्थापन, आमदानी बृद्धि तथा संचालन खर्चमा प्रभावकारिता, कर्मचारीहरुमा जिम्मेवारी बोध तथा मनोबलमा बृद्धि गर्न गराउन वार्षिक रुपमा एक पटक कर्मचारी बृद्धि विकास सम्बन्धि तालिम तथा पुनर्ताजगि कार्यक्रम संचालन गर्ने | २०८२ भाद्र देखि माघ सम्ममा |

**४. कम्पनीको औद्योगिक तथा व्यवसायिक सम्बन्धः**

कम्पनीले आफ्ना सबै सरोकारवालाहरु संग सौहाद्रपुर्ण र व्यवसायिक सम्बन्ध विस्तार गर्ने योजना अघि सारेको छ । यस सम्बन्धलाई व्यवसायिक तथा पारदर्शिताका आधारमा विकशित गर्दै लैजानु फलदायी हुने र कम्पनीको प्रगतिका लागि उपयुक्त माध्यम हुने कम्पनीको विश्वास छ ।

**५. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

आर्थिक वर्ष २०८१/८२ (२०२४-२५) को दौरान कुनै पनि संचालक हेरफेर भएको थिएन ।

**६. कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

केही नरहेको

**७. लेखापरिक्षक प्रतिवेदनमा उल्लेख गरिएको कैफियतमा सञ्चालक समितिको टिप्पणी :**

केही नरहेको

**८. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

अर्थिक वर्ष ०८१/८२ मा लाभांश वितरणको लागि सिफारिस नभएको ।

**९. यदि शेयर जफत गरिएको छ भने, त्यस्तो जफतको विवरण**

नभएको

**१०. विगत आर्थिक बर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

भुगर्भ इन्भेष्मेन्ट प्रा.लि. संग लेखारिक्षकको प्रतिवेदन बमोजिम कारोबार रहेको तथा रु ४,७५,४०,०४५ भुक्तानी लिन बाँकी रहेको ।

**११. समीक्षा अवधिमा कम्पनी र यसका सहायक कम्पनीसँगको कारोबार र त्यसमा भएको महत्वपूर्ण हेरफेरः**

भुगर्भ इन्भेष्टमेन्ट प्रा.लि. संग लेखारिक्षकको प्रतिवेदनमा उल्लेखित कारोबार रहेको

**१२. विगत आर्थिक वर्षमा कम्पनीका आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारीः**

केही नभएको ।

**१३. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

कम्पनीले विगतको आ.ब.मा सञ्चालक तथा पदाधिकारीलाई कुनै पनि शेयरहरु बाडफाड गरेको छैन ।

**१४. कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ सम्बन्धी जानकारी :**

बुदा नं. १९ मा बाहेक अन्य कुनै कारोबार नरहेको ।

**१५. कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मुल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम ।**

आ.ब. २०८१/८२ (२०२४-२५) शेयर पुनः खरिद नभएको

**१६. आन्तरिक नियन्त्रण प्रणाली छ वा छैन, र लागू भएमा त्यस्तो प्रणालीको विवरण :**

कम्पनीको आन्तरिक नियन्त्रण प्रणली रहेको छ ।

**१७. गत आर्थिक वर्षको दौरान कुल व्यवस्थापन खर्चको विवरण :**

आ.ब. २०८१/८२ (२०२४-२५) मा कुल व्यवस्थापन खर्च रु. १,९७,९०,८६८ भएको थियो ।

**१८. लेखापरिक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधाहरुको विवरण, लेखापरिक्षण समितिले गरिएका कार्यहरुको विवरण र समितिले गरेको सुझाव, यदि भएमा विवरण :**

कम्पनी ऐन २०६३ अनुसार कम्पनीले लेखापरिक्षण समिति गठन गर्नुपर्ने आवश्यकता नरहेको तथा गठन समेत नभएको ।

**१९. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीको आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको कुनै पनि फर्म, कम्पनी, सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

| S.N | Name of director | Closing receivable | Closing payable |
|---|---|---|---|
| 1 | Baniya Nirman Sewa Pvt. Ltd. | 47,540,045 | - |
| 2 | Bhugarbha Investment Pvt. Ltd. | 15,053,596 | - |
| 3 | Indra Bahadur Baniya | 12,770,249 | - |
| 4 | Dikshyant Baniya | 35,716,000 | - |
| 5 | Rishi Raj Baniya | 948,000 | - |
| 6 | Nandi Keshar Poudyal | 1,176,496 | - |
| 7 | Hom Prasad Chaulagain | 1,386,285 | - |
| 8 | Mahendra Bahadur Rawol | 812,066 | - |
| | Total | 115,402,736 | - |

**२० सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुखलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता र सुविधाहरुको रकम :**

सञ्चालकलाई भुक्तानी भएको रुकम रु. ३,००,०००

प्रबन्ध संचालक:

**२१. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम :**

लाभांश वितरण नभएको ।

**२२. कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिम खरिद वा बिक्री गरिएको सम्पत्तिको विवरण**

केही नभएको ।

**२३. कम्पनी ऐन,२०६३ को दफा १७५ अनुसार सम्बन्धित कम्पनीहरु बीच भएको कारोबारको विवरण :**

केही नभएको ।

**२४. कम्पनी ऐन २०६३ र प्रचलित कानूनहरु अन्तर्गत सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गर्नुपर्ने अन्य कुनै पनि कुरा :**

केही नभएको ।

**२५. अन्य आवश्यक कुरा, यदि भएमा :**

केही नभएको ।

यस कम्पनीको लेखापरीक्षण कार्य समयमा नै सम्पन्न गरी सुझाव प्रदान गर्नुहुने लेखापरीक्षक तथा कम्पनी स्थापनाको शुरुवातदेखि नै निरन्तर मार्गदर्शन तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सञ्चालक सदस्यहरु, व्यवस्थापन पक्ष तथा कर्मचारी वर्गप्रति विशेष धन्यवाद ज्ञापन गर्दछौं ।

कम्पनीको लक्ष्य प्राप्ति र सफल संचालनमा सहयोग पुर्‍याउनुहुने सूचित शेयरधनी महानुभावहरु, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, सञ्चार जगत् लगायतका सबै नियमनकारी निकाय, संघ संस्था तथा शुभञ्चिन्तकहरु प्रति सञ्चालक समिति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछ । कम्पनीको विकासमा लगनशीलता र समयको लगानी गरी योगदान पुर्‍याउन ुहुने व्यवस्थापन टोली तथा कर्मचारीहरु प्रति पनि हामी कृतज्ञ छौं । भविष्यमा पनि यस्तै सहयोग तथा मार्गदर्शन प्राप्त हुने अपेक्षा लिएका छौं ।

अध्यक्ष, सञ्चालक समिति
भुगर्भ सिमेन्ट लिमिटेड